# बीपीको समाजवाद, वर्तमान आर्थिक अवस्था र अबको गन्तव्य

**प्रा.डा. बलराम पौडेल**


## लखसार

यस लेखमा बी.पी.को समाजवाद, वर्तमान आर्थिक अवस्था र अबको गन्तव्यका विषयमा विश्लषण गरिएको छ । बी.पी.ले राजनैतिक स्वतन्त्रता र आर्थिक समानतालाई प्रजात्रान्तिक समाजवादको मूल मानेकाछन् । स्वतन्त्रता, न्याय र एकता प्रजान्त्रान्त्रिक समाजवादका प्रमुख आधार हुन् । उत्पादनमा क्रमिकरुपमा बृद्धि गर्दै समन्यायिक वितरण प्रणाली स्थापना गरी सामाजिक न्याय कायम गर्नु नै बी.पी.ले प्रतिवादन गरेको समादवादको मूल ध्येय हो । समग्रमा यस लेखमा बी.पी.को प्रजातान्त्रिक समाजवादको पृष्ठभूमिमा वर्तमान आर्थिक क्रियाकलापहरू सम्पादन भए नभएको विश्लेषण गरिएको छ । साथै प्रजातान्त्रिक समाजवादको मूल ध्येय एवम् लक्ष्य प्राप्तगर्ने अबको गन्तव्य के हुन सक्दछ भन्ने पक्षको बिवेचना पनि यस लेखमा पाइन्छ । यो द्वितीयक स्रोत र सामग्रीमा आधारित लेख हो ।


**सूत्रशब्द**ः बी.पी.कोइराला, प्रजातान्त्रिक समाजवाद, बी.पी.को आर्थिक नीति, अर्थव्यवस्थाका चुनौती, अबको गन्तब्य ।

## पृष्ठभूमि

नेपालको प्रजातान्तिक आन्दोलनका शीर्ष नेता बी.पी. कोइरालाले नेपाललाई दक्षिण एसियाकै नमुना प्रजातान्त्रिक देश बनाउने दूर दृष्टि (vision)निर्माण गर्नुभएको थियो । त्यो दूर दृष्टिलाई यथार्थमा परिणत गर्न मूलकमा बहुदलीय प्रजातान्त्रिक व्यवस्था स्थापना गर्ने मिसन राख्नुभयो भने १५ वर्षको समयमा सम्पूर्ण नेपाली जनतालाई आफू जस्तै मन्ध्यम वर्गमा उठाउने उद्देश्य (Goal) राखी ‘राजनैतिक र आर्थिक कार्यत्रक्रमको विकास मोडेल प्रतिपादन गर्नुभयो’ जसलाई प्रजातान्त्रिक समाजवाद भनिन्छ । उहाँले प्रजातान्त्रिक समाजवादको सैद्धान्तिक र व्याहारिक अवधारणासमेत प्रस्तुत गर्नुभएको थियो । उहाँको देहावसान भएको करिव आठ वर्षपछि अर्थात् २०४७ मा नेपालमा बहुदलीय व्यवस्थाको पुनः स्थापना भयो भने त्यसको १८ वर्षपछि अर्थात् २०६५ मा गणतत्रात्मक शासन व्यवस्थाको सुरुआत भयो । संविधान सभाबाट नयाँ गणतान्त्रिक संविधान २०७२ जारी गरियो । नेपालको संविधान २०७२ को प्रस्तावनामा “लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवाद प्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण गर्न संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा विकास र समृद्धिकोआकांक्षा पूरा गर्न यो संविधान जारी गर्दछौ” भनिएको छ भने संविधानको भाग ४ राज्यका निर्देशक सिद्धान्तमा ‘समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्र विकास गर्ने राज्यको आर्थिक उद्देश्य हुने भनिएको छ’ । प्रस्तुत सन्दर्भमा यस आलेखमा बीपीको प्रजातान्त्रिक समाजवादको अवधारणाको संक्षिप्त विश्लेषणसहित २०४७/४८ मा नेपालको आर्थिक अवस्था कस्तो थियो र आज कुन अवस्थामा छ र कसरि विकसित हुदैछ, कस्ता चुनौतीहरूको सामना गर्नुपरेको छ भन्ने सम्बन्धमा केही आर्थिक सूचकहरूको आधारमा तुलनात्मक अध्ययन गर्दै तय गर्नुपर्ने अबको गन्तव्यकोसमेत संक्षिप्तमा चर्चा गरिएको छ ।

## प्रजातान्त्रिक समाजवादको सैद्धान्तिक अवधारणा

राजनैतिक स्वतन्त्रता वा समानता र आर्थिक समानता दुवैको अनिवार्यता स्वीकार गरिएको राजनैतिक आर्थिक मोडल नै प्रजातान्त्रिक समाजवाद हो । "The fundamaental values of democratic socialism are freedam,justice and solidarity. Its goal is complete democracy, democracy as a way of life" (Meyer, १९९४) । प्रजातान्त्रिक समाजवादका तीन वटा मूल्यहरू स्वतन्त्रता, न्याय र एकता हुन भने पूर्ण प्रजातन्त्र र प्रजान्त्रिक जीवन पद्धति नै यसको मूल लक्ष्य वा अभीष्ट हो । बी.पी. प्रतिपादित प्रजातान्त्रिक समाजवादका भने राजनैतिक स्वतन्त्रतासँग सम्वन्धित ५ वटा बुँदाहरू अपरिवर्तनीय हुन्छन् । क.बहुदलीय व्यवस्था ख. आवधिक चुनाव ग. कानुनी समानता घ. स्वतन्त्र न्यायालय र ङ. संसदप्रति उत्तरदायी सरकार। आर्थिक दृष्टिकोणबाट विचार गर्दा उत्पादन वृद्धि गर्दै समन्यायिक वितरण प्रणाली स्थापना गरी सामाजिक न्याय (Social justice) कायम गर्नु नै बी.पी. प्रतिपादित समाजवादको मुख्य ध्येय हो । राजनैतिक स्वतन्त्रता र आर्थिक समानता यसका अविभाज्य तत्त्वहरू हन् । नेपाली काङ्ग्रेसले वि.स.२०१२ सालदेखि प्रजातान्त्रिक समाजवादको अवधारणा लागु गरी मुलुकमा आर्थिक रूपान्तरण गर्ने घोषणा गरेको थियो । प्रजातान्त्रिक समाजवादका ५ वटा आधार स्तम्भहरू यसप्रकार छन् क. जनसहभागिताः विकास भन्नु नै निर्णय लिने र निर्णय प्रक्रियामा योजना छनौटदेखि कार्यान्वयन गर्ने तहसम्म जनताको सहभागिता हो । जनतालाई उत्प्रेरित गर्ने वा गराउने यो यौटा राजनैतिक कार्य हो । ख. वैदेशिक सहायता : वैदेशिक सहायताले हाम्रो सन्दर्भमा विकास प्रक्रियालाई मद्दत गर्नुको सट्टा यौटा नयाँ नवधनाढ्य वर्गको सृजना गर्दछ जसको सम्बन्ध मुलुकको आर्थिक विकाससँग हुदैन । यस्तो नव धनाढ्य वर्गहरूको आर्थिक जग मुलुकभित्र रहदैन । यो त अवैध व्यापार भ्रष्टाचार र वैदेशिक सहायताको हिनामिनामा फस्टाउँछ । ग. विकासको मोडेल : विकासको हाम्रो आफ्नै मोडेल हुनुपर्दछ । अमेरिका र रूस वा पश्चिम युरोपको विकास मोडेल उपयुक्त हुँदैन । हामीलाई थोरै सुधारिएको प्रविधिमात्र उपयुक्त हुन्छ । घ. उदारवादी प्रजातन्त्र : समाजवादीहरूले आर्थिक कार्यक्रमहरूलाईमात्र प्राथमिकता दिनु हुँदैन । प्रजातन्त्र र आर्थिक कार्यक्रमसँगै रहने अविभाज्य तत्त्व हुन्छन् । ङ. समाजवाद भविष्यको बाटो हो : समाजवादको मियोमा न बाँधिने हो भने कि कम्युनिष्ट तानाशाही, कि त सैनिक तानाशाही कि त सुधार विरोधी धार्मिक कठमुल्लावादमा राजनीति पुग्छ ।

जसरी कुनै भवन वा घरनिर्माण गर्दा भारवहन गर्ने स्तम्भहरूको आवश्यकता हुन्छ ठिक त्यसैगरी मुलुक निर्माणको भारवहन गर्ने समाजवादका ५ स्तम्भहरू बीपीले प्रस्तुत गर्नुभएको छ । यदि हाम्रो राजनीतिले प्रजातान्त्रिक समाजवादको बाटो समातेन भने त्यसको नतिजा कि त कमुनिस्ट तानाशाही कि त सैनिक तानाशाही या सुधार विरोधी धार्मिक कठमुल्लावादमा राजनीति धकेलिन पुग्ने भविष्यवाणीसमेत गर्नुभएको छ । मुलुकमा प्रजातान्त्रिक समाजवादको प्रभावकारी कार्यान्वयन हुन नसक्दा जनतामा निरासा उत्पन्न भएकोछ । तसर्थ मुलुकमा राजैनैतिक स्थिरता कायम गर्दै आर्थिक सम्वृद्धि हासिल गर्ने जिम्मेवारी नेपाली काङ्ग्रेसको काँधमा रहेको छ र प्रजातान्त्रिक समाजवादको बाटोबाटमात्र उक्त लक्ष्य हासिल गर्न सक्ने सम्भावना देखिन्छ ।

## बीपीको प्रजातान्त्रिक समाजवादको प्रयोगात्मक अवधारणा

बीपीले नेपालको सन्दर्भमा प्रजातान्त्रिक समाजवादलाई १२ बुँदाहरूमा प्रस्तुत गर्नुभएको थियो । ती बुँदाहरूः “क. राजनैतिक स्वतन्त्रता, ख. कानुनी शासन, ग. जाली फटाहा र भ्रष्टाचार उन्मुलन, घ. शासनको विकेन्द्रीकरण, ङ. पिछडिएका जातिको उन्नतिका लागि विशेष र तत्कालीन प्रोत्साहन, च. झोरा समस्या र नयाँ बसोबासको

तत्कालीन समाधान, छ. भूतपूर्व सैनिकलाई राष्ट्रिय हितको विकासमा सहभागी गराउने, ज. उत्पादन वृद्धिका लागि राष्ट्रिय पुँजीलाई दुरूपयोग हुनबाट जोगाउने, झ. मजदुरहरूको कामको सुरक्षाद्वारा शोषण अन्त, ट. शिक्षा पद्धतिमा सुधार र शिक्षण संस्थाहरूको स्वतन्त्रताको रक्षा गर्ने, ठ. अक्षरशः तथा इमानदारीपूर्वक तटस्थ परराष्ट्र नीतिको पालना" ।

बी.पी. कोइराला स्वयंबाट हस्ताक्षरित यी १२ बुँदाहरू समाजवाद निर्माण गर्ने आधारभूत कार्यक्रमहरू हुन् । पहिला ४ बुँदा राजनीतिसँग सम्बन्धित छन् भने त्यसपछिका ६ बुँदा समग्र आर्थिक नीति र विकाससँग सम्बन्धित छन् । अन्तिम बुँदा परराष्ट्र नीतिसँग सम्बन्धित छ। माथि उल्लेखित कुनै पनि बुँदा पुराना र असान्दर्भिक भएका देखिँदैनन् । वरु यसको सान्दर्भिकता आजको समयमा अझ बढेको देखिन्छ। राष्ट्रनिर्माणका लागि यिनै १२ बुंदाहरूमामात्र भर पर्नुपर्ने र सम्पूर्णता यति नै हो भन्ने चाहिँ अवश्य पनि होइन । समयको परिवर्तनसँगै राष्ट्रिय मुद्दाहरू पनि थपिँदै जान्छन् । यो यौटा निरन्तर चलिरहने प्रक्रिया हो तर के चाही अवश्य हो भने प्रजातान्त्रिक समाजवादको लक्ष्य हासिल गर्नका लागि नगरी नहुने यी आधारभूत कार्यहरू हुन् । उदाहरणका लागि विकेन्द्रीकरण भनेको स्थानमा अहिले संघीयता भएकाले स्थानीय तह र प्रदेशहरू छन् तर समस्याहरू समाधान भइ सक्नुपर्नेमा अझ विकराल बन्दै गएका देखिन्छन् । समग्रमा माथि उल्लेखित बुँदाहरूले नेपाली काङ्ग्रेसले घोषणा गरेको प्रजातान्त्रिक समाजवादप्रतिको आधारभूत जिम्मेवारीबोध गराउँदै, तय गर्नुपर्ने गन्तव्य र गर्नुपर्ने कार्यहरू निर्देशित गरिरहेका छन् ।

बीपीले भन्नुभएको छ "प्रजातान्त्रिक समाजवादको आर्थिक प्रोग्राम दिने हो भने त्यो हाम्रै मोडेल हुनुपर्दछ । हामीलाई सुट गर्ने खालको हुनुपर्दछ। हाम्रा लागि त्यस किसिमको प्राविधिक विकास के काम लाग्छ जुन हाम्रो देशको मान्छेले हेन्डल नै गर्न सक्दैनन् । हाम्रो आर्थिक उत्पादनका निम्ति ससाना कुटिर उद्योगलाई स-साना स्केलमा थाल्नुपर्दछ। प्रमुखत : ३।४ वटा कुरामा त हामी प्रत्येक गाउँवासी स्वावलम्वी हुनुपर्दछ। एउटाचाहि भोजनका सम्बन्धमा ग्रामीण क्षेत्रका मानिसलाई चाहिने अन्न त्यहि उत्पादन हुनुपर्दछ । दोस्रो आवासका सम्बन्धमा चाहिने आवश्यक सामान गाउँमा नै उपलब्ध गर्न सक्नुपर्दछ। त्यहीको स्थानीय स्रोत साधनबाट नै त्यस समस्याको निवारण गर्न सक्नुपर्दछ। तेस्रो तिनका लाउने लुगा पनि त्यहि नजिकका उद्योगबाट उपलब्ध गर्न सक्नुपर्दछ। विकास भनेको यसको फल भोग्नेहरूको ओठमा सन्तुष्टिको उन्मुक्त हाँसो आउनु हो"

तर अहिलेको राजनीतिले त्यो बाटो समातेको देखिँदैन किनकि राजनैतिक,आर्थिक,सामाजिक जालसाजीहरू बढी नै रहेका छन् । जाली फटाहाहरू बढिरहेका छन् । राजनैतिक बेमानी होस् वा सहकारीहरूले जनता ठगी गर्ने होस् वा जग्गा दलालीमा हुने ठगी होस् वा कर्मचारीहरूले जनतासँग लिने घुस होस् वा कालो बजारी धन्दा होस्,सबै खाले आर्थिक - सामाजिक विकृतिहरूले समाज घेरिएको अवस्था छ। भ्रष्टाचार झनै बढिरहेको छ। महालेखापरिक्षकको ६२औ प्रतिवेदनले रु ७ खर्व ३३ अर्वको वेरुजु देखाएको छ (महलेखा २०८२) । यसको अर्थ आर्थिक अनियमितताहरू घट्नुको सट्टा बढी नै रहेका छन् । बीपीको आर्थिक विकासको मोडेल कार्यान्वयन गरेको भए आज हाम्रा गाउँहरू रित्तिएका हुने थिएनन् र हामी हाम्रो आफ्नै उत्पादन उपभोग गर्दै आत्मनिर्भर आर्थिक विकासको मोडेलमा अगाडि बढेका हुने थियौ । आज हामीले अपनाएको आर्थिक विकासको आयतित र अनुकरणात्मक मोडेलले हाम्रै माटोबाट हामीलाई अलग्याएको अवस्था छ। हामीले केही भौतिक विकास त गरेका छौं तर त्यसले जनताको मुहारमा आशा,उत्साह र खुशी होइन वरु निराशा असुरक्षा र चिन्ता थपिदिएको छ।

नेपालको संविधान २०७२ ले कृषिको व्यवसायीकरण, औद्योगीककरण, विविधीकरण आधुनिकीकरण गर्ने र कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्ने त भनेको छ तर यथार्थमा स्थितिमा सुधार भएको देखिँदैन ।

नेपालमा प्रतिव्यक्ति कृषिको उत्पादकत्व, दक्षिण पूर्व एसियाका देशहरूसँग तुलना गर्दा नेपालको प्रति कामदार ४७०४.८९ छ भने सार्क देशहरू सबैमा ४१,२८४.१७ देखि माथि ४३,२४८.२ सम्म रहेको देखिन्छ। (विश्व बैंक,२०२२). त्यसरी नै राष्ट्रिय पुँजीको संरक्षण हुन सकिरहेको छैन। ऋण प्रवाह वृद्धिभएको छ तर आर्थिक वृद्धिलाई सघाउ पुगिरहेको छैन। भूमिसँग, जोडिएका, मोहियानी, सुकुम्बासी, घरवस्ती, सिञ्चाई, नदिकटान, मल आदिका पेचिला समस्याहरू यथावत छन् र अझ जटिल हुँदै गएका छन्। शिक्षाको बिस्तारमा वृद्दि भएको छ तर गुणस्तरमा सुधार हुन सकिरहेको छैन। उच्च शिक्षा प्रदान गर्ने विश्व विद्यालयहरू बौद्धिक र पेसागत बहस गर्ने स्थान नभएर बाहुबल प्रदर्शन गर्ने स्थानजस्ता देखिएका छन्।

अक्षरश असंलग्न परराष्ट्र नीतिको पनि पालना भएको देखिँदैन । कहिले उत्तर,कहिले दक्षिण र कहिले पश्चिमतिरबाट नेपालको परराष्ट्र नीति प्रभावित हुनु हुँदैन भन्ने प्रजातान्त्रिक समाजवादको अवधारणा हो।

जब जनताले राजनैतिक र आर्थिक कार्यक्रमबाट परिणाम प्राप्त गर्दैनन् तव परिणाम नदिने राजनैतिक तथा आर्थिक सिद्धान्त वा कार्यक्रम जनताले अस्वीकार गरिदिन्छन् । यसबाट राष्ट्रिय संकटको सिर्जना हुन्छ र परिणाम भयावह हुन जान्छ।

## बीपीको आर्थिक नीतिको सारांश

“हामीहरूको आर्थिक सामर्थ्य केछ? हाम्रा विद्यामान आर्थिक साधन के छन्, जसलाई जग बनाएर विकासको पहिलो इट राख्न सकिन्छ। हामीसँग उर्वरभूमि छ, श्रमशक्ति,जनता नदीनाला प्रशस्तै छन्, वनजंगल छ। पूँजीको भने ठुलो अभाव छ। विकासको कार्यक्रम बनाउँदा यी साधन र अभावलाई विर्सन पाइन्न। विकासको लक्ष्य के त भन्दा प्रत्येक नेपालीलाई खान, लाउन, बस्न घर, केटाकेटीलाई पढ्ने र ओखती मुलोको व्यवस्था गराउने हो। नेपालका लागि गरिबी भन्नु नै गाउँमा छ। गाउँ र गाउँलेहरूको अवस्थाबारे तपाईंलाई केही थाहा छैन भने गरिबीको समस्या बुझ्नेपट्टि पाइलो सार्न पनि सक्नुहुन्न। बडो उत्कृष्ट तथा जटिल प्रविधि भएका विकसित देशहरूबाट विकासको धारणा आयात गर्नु नै हाम्रा योजना विद्हरूको गल्ति हो। विकसित देशको चकाचौध देखेर हामी न बहकिऔँ र विकासको प्रश्नमा भावुक नहोऔँ, विकासको काममा पहिले हामी गाउँको माटोले हात मैलाऔँ जुन माटोले नेपाल बनेको छ”। - बी.पी. कोइराला

## बीपीको आर्थिक नीतिको मार्गचित्र : प्रजातान्त्रिक समाजवाद +कृषिमा आधारित औद्योगिक विकास

बीपीले आर्थिक विकासलाई एउटा process र राजनीतिलाई एक procession भनी व्याख्या गर्नुभएको छ। आर्थिक विकास अकस्मात हुन सक्दैन यो चरणबद्ध प्रक्रियाबाट अगाडि बढ्छ र कम्तिमा एउटा तह पुग्न २५ । ३० वर्षको समय लाग्छ। पहिलो चरणमा कृषिको विकास गर्नुपर्दछ। केही सुधार गरिएको प्रविधिप्रयोग गर्नुपर्दछ। प्रथम चरणमा उच्च स्तरको प्रविधि मुलुकले धान्न सक्दैन । आयातित प्रविधिले देशको पूँजि बहिर्गमन हुन्छ। देश परलाम्वन भएर जान्छ भन्ने विश्लेषण गर्नुभएको थियो (ज्ञवाली,२०७०),।

दोस्रो चरणमा औद्योगिकीकरण र मध्यमस्तरको प्रविधि र,तेस्रो चरणमा प्रतिष्पर्धात्मक, विकसित र निर्यात

मूलक अर्थव्यवस्थामा पुग्न उच्चस्तरको प्रविधि प्रयोग गर्ने मार्ग चित्र प्रस्तुत गर्नुभएको थियो ।

पहिलो चरण : कृषि : आत्म निर्भर कृषि,आत्म निर्भर गाउँ
प्रविधि : सस्तो र केही सुधारिएको प्रविधि प्रयोग

कृषिको उत्पादकत्व र उत्पादन बढाउँदै गाउँमा उपलब्ध स्रोत साधनको प्रयोगबाट आर्थिक आधार तयार गर्ने । जमिनको स्वामित्व जोत्ने वा किसानको हुनुपर्ने । कृषिमा त्यस्तो प्रविधि प्रयोग गर्ने जुन सस्तो पनि होस्, सामुहिक प्रयोग गर्न मिल्ने र किसानले सहजै सञ्चालन गर्न सकुन् । (महगो र जटिल प्रविधि हाम्रो सामर्थ्यले धान्न सक्दैन)

उद्योग : साना र कुटिर उद्योग, स्वदेशी कच्चा पदार्थको सदुपयोग
प्रविधि : मद्यम् स्तरको प्रविधि

साना र मध्यमस्तरका उद्योगहरूको स्थापना,सुलभ मध्य स्तरको प्रविधि प्रयोग,स्वदेशी कच्चा पदार्थमा आधारित कृषि उद्योग,खाद्य प्रसोधन टेक्सटायल,फल फूल प्रसोधन र यस्तै अन्य ।

सेवा : वैंक र वित्तीय संस्थाहरूको स्थापना,सफा शुद्ध पिउने पानी,साना अस्पतालको निर्माण,शिक्षामा व्यापक बिस्तार ।
पुँजीको प्रबन्धः राज्य पुँजी,नीजी पुँजी र विना सर्त प्राप्त वैदेशिक अनुदान ।
दोस्रो चरण : औद्योगिकीकरण
प्रविधि : मद्यम् र उच्च स्तरको प्रविधि

व्यापक पूर्वाधारको निर्माण, यातायात सञ्चार र प्रविधिको विकास, देशभर विद्युतीकरण,आवश्यकताअनुसार केही आधारभूत ठूला उद्योगहरूको स्थापना । निजी क्षेत्रको व्यापक लगानी,लगानी प्रोत्साहन गर्ने औद्योगिक नीति ।

सेवा : गुणस्तरीय प्रयोगात्मक शिक्षा, अनुसन्धानको विकास,गुणस्तरीय स्वास्थ सेवा, डिजिटल पहुच र बिस्तार,कल्याणकरी राज्य । शिक्षा र स्वास्थमा सबैलाई समान अवसर प्रदान गर्न राज्यको नै मुख्य भूमिका हुनुपर्दछ ।
प्रबन्धः राज्य, नीजी र विना सर्त प्राप्त वैदेशिक अनुदान
तेस्रो चरण : कृषि, उद्योग र सेवा क्षेत्रको उच्चतम विकास
प्रविधि : उच्च स्तरको प्रविधि प्रयोग

आर्थिक सामर्थ्यको वृद्धि,प्रतिस्पर्धात्मक क्षमताको विकास निर्यात मूलक अर्थतन्त्र । आर्थिक समुन्नति र निरन्तर नवप्रवर्तन।

यसरी बीपीले चरणवद्ध रूपले आर्थिक विकास हुने मार्ग चित्र प्रस्तुत गर्नुभएको थियो भने प्रविधिको प्रयोगबारे प्रथम चरणमा केही सस्तो र सुधारिएको प्रविधि दोस्रो चरणमा मध्यम र उच्च्को समिश्रण र तेस्रो चरणमा उच्चस्तरको प्रविधि प्रयोग गर्ने रणनीतिक सोच प्रस्तुत गर्नुभएको थियो जुन आज पनि समय सान्दर्भिक देखिन्छ ।

बीपीको देहावसान भएको ४३ वर्ष भयो भने मुलुकमा बहुदलीय प्रजातन्त्र स्थापना भएको झन्डै ३५ वर्ष भएको छ । बहुदलीय व्यवस्था पुन स्थापना भएको वर्ष२०४७ मा र आजका दिनमा नेपालको अर्थ व्यवस्थामा के

कस्तो परिवर्तन भएका छन् त्यसलाई विश्लेषण गर्न तलको तालिकामा केही मुख्य आर्थिक सूचकहरू प्रस्तुत गरिएको छ।

तालिका १

आ.व २०४७।४८-२०८१।८२ को समयावधिमा भएको आर्थिक प्रगति मापन गर्ने केही सूचकहरूको तुलनात्मक विवरण

| सूचकहरू | २०४७।४८ | २०८१।८२ | बिस्तार | वृद्धि दर |
|---|---|---|---|---|
| १. कुल ग्राहस्थ उत्पादन | १ खर्व १६ अर्व | ६१ खर्व ७ अर्व | ५३ गुणा | १२ |
| २. आर्थिक वृद्धि दर | ५.१ % | ४.७ | | |
| ३. प्रतिव्यक्ति आय | ४१९४ | ४१५०७ | ७.७६ गुणा | ६.२१ |
| ४. कुल लगानी | २५ अर्व | १४ खर्व ५५अर्व | ५८.२ गुण | १२.६९ |
| ५. कुल सरकारी खर्च | २३ अर्व ५४ करोड | १३ खर्व ९३ अर्व | ५९ गुणा | १२.७५ |
| ६. कुल राजस्व | १० अर्व ७ करोड | १० खर्व ५८ अर्व (८०।८१) | १०५ गुणा | १४.४६ |
| ७. कुल वैदेशिक व्यापार | ३० अर्व ६१ करोड | १७ खर्व ४३ अर्व | ५६ गुणा | १२.६२ |
| ८. आयात | २३ अर्व २२ करोड (निर्यात ७ अर्व ३८ करोड) | १५ खर्व ९२ अर्व ९ (निर्यात १ खर्व ५२ अर्व) | ६८ गुणा | |
| ९. कुल सार्वजनिक ऋण | ६७ अर्व ४६ करोड | २६ खर्व ७६ अर्व | ३९ गुणा | ११.४३ |
| १०. कल वैदेशिक ऋण | ५२ अर्व ७९ करोड | १३ खर्व १५ अर्व | २४ गुणा | ११.४३ |
| ११. कुल आन्तरिक ऋण | १४ अर्व ६७ करोड | १३ खर्व ६० अर्व | ९२ गुणा | |
| १२. विद्युतको कुल उत्पादन | ९०२ mw | ३६०२ mw | ३.९९ गुणा | ४.१ |
| १३. वैदेशिक रोजगारीमा जाने सङ्ख्या | ६४ लाख भन्दा बढी | | | |
| १५. बाँझो जमिन | | | | ३० % |
| १६. गरिबी | ४२ | २०.२ ७ | | २१.३ % कमि |
| संरचना (कृषि,उद्योग र सेवा)प्रतिशत | ४८.२, १७.६ र ३३.८ | २५.६,१२.४ र ६२ | | |
| विप्रेषण आय | ४७ अर्व (५७।५८) | १४ खर्व ४५ अर्व | ३१ | १५.३ |

स्रोतः आर्थिक सर्वेक्षण २००१/२,२००८१/८२

माथिको तालिकामा अर्थ व्यवस्थाका केही मुख्य सूचकहरूको तुलनात्मक विश्लेषण गरिएको छ। यसरी हेर्दा ४७। ४८ सालको तुलनामा आजको अवस्थामा आइपुग्दा हाम्रो अर्थ व्यवस्था निकै फराकिलो भएको पाइन्छ। अर्थव्यवस्थालाई सकारात्मक प्रभाव पार्ने सूचकहरूमा वृद्धि हुनु हाम्रो अर्थ व्यवस्थाको उपलब्धि हो भने कतिपय नकारात्मक असर पुऱ्याउने सूचकहरूको वृद्धिले भने हाम्रो अर्थव्यवस्थामा चुनौतीहरू थपि दिऐको छ। आर्थिक सूचकहरूमा न्यूनतम ३.९९ गुणादेखि अधिकतम १०५ गुणासम्म बिस्तार भएको छ। कुल ग्राहस्थ उत्पादन १ खर्व १६ अर्वबाट ६१ खर्व ७ अर्व पुगेको छ भने प्रति व्यक्ति आय ४ १९४बाट बढेर ४१५०७ पुगेकोछ। राजस्व १० अर्व ७ करोडबाट १० खर्व ५८ अर्व पुगेकोछ। यो समयावधिमा राजस्व सालना औसत १४.४ प्रतिशतले वृद्धि भएको देखिन्छ। गरिबी २१.३ प्रतिशतले घटेको छ। विद्युतको उत्पादनमा उत्साहजनक वृद्धि भएकोछ। हाम्रो अर्थव्यवस्थाका यी उपलब्धिहरूका वावजुद, सार्वजनिक ऋण ६७ अर्व ४६ करोडबाट बढेर २६ खर्व ७६ अर्व पुगेको छ। अहिले वैदेशिक सहायतामा अनुदानभन्दा ऋणको भार धेरै बढेको छ। ऋणको सावा र व्याज तिर्न पुँजीगत बजेटभन्दा धेरै रकम छुट्याउनुपर्ने स्थितिको निर्माण भएको छ। यसबाट हाम्रो अर्थ व्यवस्थामा ऋण लिएर ऋण तिर्नुपर्ने ऋणको पासोमा पर्न सक्ने अवस्थामा छ। सार्वजनिक ऋण धेरै वृद्धि हुँदा अर्थ व्यवस्थामा नकारात्मक असर गर्ने देखिएको छ। त्यसैगरी निऱ्यात वृद्धिमात्र २.१ प्रतिशत देखिन्छ भने आयात वृद्धि १३.२ प्रतिशतले भएको छ। वैदेशिक रोजगारीमा जाने व्यक्तिहरूको सङ्ख्या ६४ लाख भन्दा बढि रहेको छ एकातिर भने अर्कोतिर वाजो जमिन राखेर सालना ३। ४ खर्वको कृषिजन्य वस्तु आयात् हुने गरेकोछ। अर्थ व्यवस्थाको संरचनालाई हेर्दा कृषिको अर्थ व्यवस्थामा योगदान ४८ .१७ प्रतिशतबाट घटेर २५.६ प्रतिशतमा आईपुगेको छ भने कृषि घट्दा उद्योगको योगदान बढ्नु पर्नेमा घटेर १७.६ प्रतिशतबाट १२.४ प्रतिशतमा सीमित भएको छ। सेवा क्षेत्रको योगदान ३३.८ प्रतिशतबाट बढेर ६२ प्रतिशत पुगेकोछ। विप्रेषण आप्रवहाले सेवा क्षेत्र वृद्धिका लागि महत्त्वपूर्ण योगदान गरको छ। आव ४७। ४८ को विप्रेषण आयको तथ्यांक उपलव्ध छैन कारण त्यस वेला नियन्त्रणकारी राज्य व्यवस्था थियो र विदेश जाने सीमित व्यक्तिहरू थिए र विप्रेषण आय पनि नगन्य नै थियो। आव ५७। ५८ आईपुग्दा विप्रेषण ४७ अर्व थियो भने ८०। ८१ मा ३१ गुणा वृद्धि भएर १४ खर्व ४५ अर्व पुगेको छ भने ८१। ८२ मा १६ खर्व पुग्ने अनुमान छ। (clikmandu,२०८२) यसबाट के देखिन्छ भने मुलुकमा ३ दशकपछि पनि अर्थ व्यवस्थामा भरपर्दो आर्थिक आधार तयार हुन सकिरहेको छैन किनकि हाम्रो विकास पद्धति आफ्नै स्रोत साधनमा आधारित सामर्थ्यअनुसार को प्रयोगात्मक न भएर अरूकै स्रोत साधनमा आधारित अनुकरणात्मक भएको छ। आजका दिनमा नेपालको अर्थ व्यवस्था अस्थिर, आयातमूलक र परनिर्भर भएको छ भने निम्न लिखित मुख्य चुनौतीहरूले घेरिएको अवस्थामा छ।

## नेपालको अर्थ व्यवस्थाका मुख्य चुनौतीहरू

### क. न्यून आर्थिक वृद्धि, न्यून लगानी

नेपालको आर्थिक विकास सधै नै सुस्त गतिमा हिडेको देखिन्छ। विगत ५ वर्षमा नेपालको औसत आर्थिक वृद्धि ३.९ प्रतिशत रहेको छ जब कि सोहि समयावधिमा छिमेकी देश भारतको औसत आर्थिक वृद्धि ७.४४ प्रतिशत,र वंगला देशको ५.६ प्रतिशत रहेको देखिन्छ। न्यून आर्थिक वृद्धिको मुख्य कारण न्यून लगानी नै हो। गत १० वर्ष आव ७२। ७३ देखि ८०। ८१ को अवधिमा नेपालको औसत लगानी १४ खर्व ५५ अर्व रहेको छ जसमा निजी क्षेत्रको ८ खर्व २८ अर्व (५७ प्रतिशत) र सार्वजनिक क्षेत्रको २ खर्व ९० अर्व (४३ प्रतिशत)

रहेको छ। वर्तमान अवस्थमा व्याजको दर घटेको छ वैंकमा भन्डै पौने ८ खर्बको तरलता छ तर पनि लगानीको माग हुन सकिरहेको छैन। (आर्थिक सर्वेक्षण,२०८२)

**ख. रोजगारीको अभाव र विदेश पलाईन**

नेपालको श्रम शक्ति सर्वेक्षण २०७४/७५अनुसार नेपालमा आर्थिक रूपमा सक्रिय जन सङ्ख्या भन्डै ८० लाख रहेकोछ। त्यस मध्ये ९ लाख १२ हजार बेरोजगार रहेका छन् (११.४%) एकातिर भने वैदेशिक रोजगारीमा ६४ लाख भन्दा बढी मुलुकबाहिर रहेका छन्। काम गर्ने उमेर समुहका सबै युवा समुदाय विदेश पलाईन हुँदा नेपालको कुलमागमा नै कमि आएको छ एकातिर भने अर्कातिर यसले देशको लगानी र उत्पादनमासमेत गम्भीर असर पुऱ्याएको छ। (श्रम शक्ति सर्वेक्षण २०७४। ७५)

**ग. परनिर्भर आयातमुखी अर्थतन्त्र**

नेपालको कुल १७ खर्व ४३ अर्वको वैदेशिक व्यापारमा आयात१५ खर्व ९२ अर्व छ यो कुलव्यापारको ९१ प्रतिशत हो निर्यात भनेमात्र १ खर्व ५२ अर्व रहेको छ। तसर्थ प्रजातान्त्रिक समाजवादको आत्मनिर्भर अर्थव्यवस्थाको अवधारणा विपरित आयातमा आधारित परनिर्भर अर्थव्यवस्था हुन पुगेको छ।

**घ.वेरुजु र भ्रष्टाचार**

ट्रानपरेन्सी इन्टरनेसनल (२०२४) को प्रतिवेदनअनुसार नेपालको भ्रष्टाचारको अंक (corruption perception index)३५ रहेको छ। यसको मापन०-१०० बिचमा हुन्छ। ४३ भन्दा कम अंक पाउने देशलाई अति भ्रष्ट देश भनिन्छ। विगत १० वर्षको सूचकांक हेर्दा नेपाल ३५ अंकभन्दा माथि उक्लिन सकेको छैन र अति भ्रष्ट मुलुकमा पर्दै आएको छ। तसर्थ नेपालमा वेरुजु र भ्रष्टाचारमा दसकौदेखि कुनै सुधार भएको देखिँदैन। नेपालको संविधान २०७२ मा सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकासमार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने भनिएको छ एकातिर भने अर्कातिर अर्थ व्यवस्थाको एउटा खम्बा मानिएको सहकारी आर्थिक अनियमितता र भ्रष्टाचारको केन्द्र बनेको छ। भन्डै ३०० सहकारीको २ खर्व ७५ अर्व रुपिया हिना मिना भएको अनुमान छ। ४० वटा सहकारीको संसदीय छानबिन समितिले छान विन गर्दा वचतकर्ताको ८७ अर्व ८९ करोड हिनामिना भएको प्रतिवेदन भए पनि देश भर संकटमा परेका ५०० जति सहकारीको छानबिन हुन नै बाँकि रहेको छ। (हिमाल खवर,२०८१ पुस १५,२०८२,असार २०).

**छ . राष्ट्रिय गौरवका आयोजना र लागत वृद्धि**

बीपीले आर्थिक विकास नाटकीय ढंगले हुन सक्दैन। यो क्रमिक सुधारबाट स साना परियोजना सम्पन्न गर्दै अगाडि बढ्ने प्रक्रिया हो भन्ने वस्तुनिष्ठ विश्लेषण गर्नुभएको थियो। ठुला आयोजनाहरू पुँजी र जनशक्तिको अभावले सम्पन्न गर्ने सामर्थ्य हुँदैन भनेको कुरा सत्य सावित भएको छ। आ.व ६८। ६९ मा १७ वटा ठुला आयोजनाहरूलाई राष्ट्रिय गौरवका आयोजना घोषणा गरियो भने ७७।.७८ मा यो सङ्ख्या २४ पुग्यो। यी आयोजना पुरा गर्न सुरुमा ६ खर्व २३ अर्व खर्च हुने अनुमान रहेकोमा आज यसको लागत १८ खर्व २५ अर्व पुगेको छ। (www gorkhapatra.com १४ श्रावण २०८०) विकास बजेटको विगत १० वर्षको तथ्याङ्क हेर्दा औसत २ खर्व ९५ अर्व खर्च हुने गरको छ। तसर्थ ठुला आयोजनाहरू समयमानै पुरा गर्ने सामर्थ्य छैन एकातिर भने अर्कातर्फ पूरा भएका पोखरा अन्तर्राष्ट्रिय विमान स्थल र लुम्विनी विमानस्थलबाट लाभ प्राप्त हुने लक्षण देखिएको छैन।

## च . जलवायू परिवर्तको चुनौती

बी.पी. कोइराला भविष्य द्रष्टा हुनुहुन्थ्यो । अमेरिका, रुसलगायत पश्चिमा देशहरूको द्रुत आर्थिक विकासले प्राकृतिक स्रोत साधनको धेरै दुरूपयोग हुन्छ र भविष्यमा साधनको कमीले संकट उत्पन्न गर्छ । त्यसैले नेपालले कहिले पनि अरूदेशको द्रुत आर्थिक विकासको मोडेल अनुकरण नगरी आपनै विकास मोडेल विकसित गर्नुपर्छ भन्ने वहाँको कथन अहिले सत्य सावित भएको छ । विकसित देशहरू अमेरिका, चिन, रुस, भारत युरोपियन युनियनलगायतका देशहरूले आत्यधिक हरित ग्यास उत्सर्जन गर्दा पृथिवीको ताप क्रम १८५०-१९०० को तुलनामा १.५ डिग्री सेल्सियस वृद्धि भएको छ । सन् १९९० मा ३२ अर्व ७३ करोड ग्यास उत्सर्जन भएकोमा २०२१ मा ४९ अर्व ५५ करोड मेट्रिक टन पुगेको छ । मानव सिर्जित क्रियाकलापबाट जल वायुमा आएको परिवर्तनको कारण नेपालले पनि कृषि,पर्यटनजस्ता क्षेत्रहरूमा क्षति बेहोर्नु परेको छ । नेपालले पर्यटनबाट वार्षिक २५ अर्वको नोक्सानी वेहोरेको छ भने कृषि,पशुपालन र मस्त्यपालनमा १० देखि ३० प्रतिशत ह्रास आएको छ । (आर्थिक सर्वेक्षण,२०८१)

## अबको गन्तव्य

बीपीले मूलत आफ्नै देशमा उपलव्ध साधनस्रोतको अधिकतम प्रयोग गरी आत्मनिर्भर अर्थतन्त्रको विकास गर्ने अठोट गर्नुभएको थियो र आफ्नो आर्थिक सामर्थ्य के छ सोहीअनुसार आर्थिक विकास गर्नुपर्छ भन्ने प्रस्ट विचार दिनुभएको थियो जुन आजका दिनमा झन् सान्दर्भिक भएको छ ।

बी.पी. बिचारको ठिक विपरित आज हामी आयात मुखी परनिर्भर अर्थ तन्त्रमा बाँचिरहेका छौँ किनकि हामीले आफ्नो सामर्थ्यअनुसारको विकास मोडेल पनि निर्माण गर्न सकेनौ र बीपीको मोडेल पनि लागु गर्न सकेनौ । द्रुत आर्थिक विकास गर्ने लक्ष्य लिएका विकसित देशहरू भने आज,वातावरण विनास र जलवायु परिवर्तनको दुष्प्रभावले बी.पी. प्रतिपादित आफ्नो सामर्थ्यअनुसारको विकास मोडेलको पक्षमा उभिन वाध्य भएका छन् । संयुक्त राष्ट्रसंघले त दिगो विकासको अभियान नै चलाएको छ । नेपाल भने अझैपनि आत्मनिर्भर हुने दिगो विकास अर्थतन्त्रको बाटोमा हिडेको देखिँदैन किनकि वर्तमान सन्दर्भमा हामीले वोझिलो र खर्चिलो शासन व्यवस्था सञ्चालन गरिरहेका छौँ जुन हाम्रो आर्थिक सामर्थ्यले धान्न सकिरहेको छैन । कुल वजेटको अहिले ६० प्रतिशतभन्दा बढी चालु खर्च र वित्तीय व्यवस्थापनतिर झन्डै १८ देखि २० प्रतिशत खर्च हुने गरेको छ दुवैको प्रतिशत जोड्दा कुल अनुत्पादक खर्च झन्डै ८० प्रतिशत हुनजान्छ । अनुत्पादक खर्च बढीमा ५० प्रतिशत भित्र राख्न आवश्यक देखिन्छ एकातिर भने अर्कातिर कुल राजस्व औसत १० खर्व ५८ अर्वबाट १५ खर्वको हुन सक्दामात्र हाम्रो आर्थिक सामर्थ्यको स्तरोन्नति हुन सक्ने देखिन्छ । राजस्व वृद्धिका लागि कर वृद्धि न भएर करको दयारा र उत्पादन वृद्धि हुन जरुरी छ । आज नेपालको अर्थतन्त्र बेरोजगारी, युवापलाईन, न्यून उत्पादकत्व, उच्च व्यापार घाटा, न्यूनलगानी, बढ्दो चालु खर्च, पूर्वाधारको कमि,आन्तरिक र बाह्य ऋणको बोझ, जलवायु परिवर्तन र प्राकृतिक प्रकोप तथा राजनैतिक अस्थिरता र नीति निरन्तरताको अभावजस्ता समस्याबाट ग्रसित भएको छ ।

यी यावत समस्या र चुनौतिहरूको समाधान खोज्ने हो भने राष्ट्रिय अर्थ नीतिको निर्माण गर्नुपर्छ र सरकार परिवर्तन भए पनि आर्थिक नीतिहरूलाई तोकिएको समयसम्म नीति निरन्तरता दिने राष्ट्रिय सङ्कल्प हुनु आवश्यक छ । नेपाली काङ्ग्रेसले अब बी.पी. मोडेलको गणतन्त्रकालीन आर्थिक नीतिनिर्माण गरी त्यसको कार्यान्वयनको अगुवाई गर्नुपर्ने आवश्यकता देखिन्छ ।

अर्थव्यवस्थाका तीन क्षेत्रहरू कृषि, उद्योग र सेवा मध्ये कुनै एक क्षेत्रलाई नेतृत्वदायी क्षेत्रको रूपमा विकास गर्नुपर्छ। जस्तो मद्यपूर्वले तेल, नर्वे र रुसले प्राकृतिक ग्यास, कोस्टारिका, फिनल्याण्ड, इन्डोनेशियाले वनबाट काठ तथा कागज, अस्ट्रेलिया क्यानडाले खानी र खनिजलाई नेतृत्वदायी क्षेत्रको रूपमा विकास गरेका छन्। नेपालले कुन क्षेत्रलाई कति समयसम्म अगाडि बढाउने ? कसरी अगाडि बढाउने भन्ने विषयमा निजी क्षेत्र समेतको सहभागितामा वस्तुनिष्ट छलफल गरी व्यावहारिक निष्कर्षमा पुगी नीतिनिर्माण गर्नु पर्ने आवश्यकता देखिन्छ भने जुन क्षेत्रलाई अगाडि बढाउने हो त्यो क्षेत्रलाई कम्तिमा ५ वर्ष उच्च प्राथमिकतामा राखेर स्रोत साधनको व्यवस्थापन गर्नुपर्ने देखिन्छ। कृषिको योगदान निरन्तररूपमा घटने क्रममा गएको, झन्डै ७२ लाख मानिसहरू कृषिबाट पलाईन भएको उद्योगको योगदान १२ । १३ प्रतिशतमा दसकौदेखि टक्सिरहेको र ६४ लाखभन्दा बढीयुवा शक्ति विदेशिएको परिप्रेक्ष्यमा कृषिलाई नयाँ तरिकाले पुनरुत्थान गर्दै देशको समग्र आर्थिक नीतिको नै पुन व्याख्या हुन जरुरी छ। नेपालको स्रोतसाधन, जनशक्ति, लागत र प्रतिस्पर्धी क्षमतालाई विचार गर्दा कृषिको उत्थानलेमात्र विकासको जग निर्माण हुन सक्ने निष्कर्षमा पुग्न सकिन्छ।

निश्चय नै उद्योगबाट आर्थिक विकासमा फड्को मार्न सकिन्छ तर के हामीसँग विश्व वजारमा प्रतिस्पर्धा गर्ने क्षमता, पुँजी र प्रविधि छ त? राष्ट्रिय गौरवका ठुला आयजनाले विकासमा र रोमान्चित हुने हाम्रो सपना साकार भयो त? २४ वटा राष्ट्रिय गौरवका ठुला आयोजनाहरू मध्ये सम्पन्न भएका पोखरा र भैरहवालाई सञ्चालन गरी अझै लाभ लिन सकिएको छैन।

सेवाक्षेत्रको योगदान निरन्तर वढिरहेको छ र ६२ प्रतिशत पुगेको छ। यो प्रवृत्तिलाई विश्लेषण गर्दा नेपाल सम्पन्नतातिर अगाडि बढेको मुलुक जस्तो देखिन्छ तर सेवाक्षेत्र औद्योगिक क्षेत्रको विकासपछि भएको आर्थिक उन्नति न भएर विप्रेषणआयको परिणाममात्र हो। यो वृद्धि अस्थिर,अल्पकालीन र अस्थायी हुन्छ। आज हाम्रो अर्थ व्यवस्था विप्रेषण आय अनि त्यसबाट आयात र आयातमा आधारित राजस्व र अनियन्त्रित चालुखर्चको गोल चक्करमा फसेको छ। वर्तमान अवस्थामा आर्थिक नीति, योजना, वजेट र प्राथमिकताहरूबिच सामन्जस्य रहेको देखिँदैन । आर्थिक नीतिअनुसारको आर्थिक योजना, आर्थिक योजनाअनुसारको बजेट र त्यसका प्राथमिकताअनुसारको कार्यान्वयन न हुँदासम्म अर्थव्यवस्थामा कुनै सुधार आउने छैन । अहिले संघीयता कार्यान्वयनमा छ। संघीयताको मुख्य उद्देश्य नै स्थानीय तहको सशक्तीकरणको माध्यमबाट द्रुत आर्थिक विकास हो तर संघीयताको सार्थक प्रयोग हुन सकिरहेको छैन । प्रदेशहरूले केन्द्रकै राजनैतिक अस्थिरता, सरकार फेरवदल, काममा ढिलासुस्ती, आर्थिक अनियमितता, असारे विकासजस्ता असँगत व्यवहारको नै अनुकरण गरिरहेका छन् र कोशी प्रदेशले त केन्द्रको भन्दा पनि कम आर्थिक विकास हासिल गरेको अवस्था छ।

नेपाली काङ्ग्रेसले बहुदल कालमा प्रस्ट आर्थिक दृष्टिकोण बनाउर उदारिकरण गर्दै आर्थिक उत्पादन वृद्धि गर्ने नीति लागु गऱ्यो र आज अर्थ व्यवस्था फराकिलो हुन पुग्यो, सेवा क्षेत्रको व्यापक बिस्तार भयो। वास्तविक क्षेत्रमा भने यसले गति दिन सकेन । अहिले गणतन्त्र कालमा पनि त्यस्तै दुरगामी वास्तविक क्षेत्रलाई गति दिन सक्ने आर्थिक नीति बनाउनुपर्ने आवश्यकता छ। सबै क्षेत्रको एकै पटक विकास गर्न खोज्दा विकासको सुरुआत नै हुन सक्दैन र प्राथमिकताअनुसार लगानीको वातावरण न बनाउदा मुलुकको आर्थिक अवस्था दिशा विहिन वन्न जान्छ, जुन वर्तमान अवस्थामा देखिएको छ। ढुलमुले नीति रहुन्जेल नीजी क्षेत्रले लगानी गर्दैन। अहिले वैंकमा झन्डै आठ खर्वको तरलता छ व्याजको दर पनि घटेको छ तर अस्थिर र ढुलमुले आर्थिक नीतिका कारण लगानीको माग बढी रहेको छैन । तसर्थ संघीयता र गणतन्त्रलाई मजवुत बनाउने हो भने आर्थिक प्रगति आवश्यक हुन्छ। आर्थिक प्रगतिका लागि निजी क्षेत्रको व्यापक लगानी हुनु आवश्यक छ।

तसर्थ लगानीको अनुकूल वातावरण बनाउन नेपाली काङ्ग्रेसले बी.पी. प्रतिपादित प्रजातान्त्रिक समाजवादलाई समयानुकुल परिभाषित गर्दै मुख्य एजेन्डा बनाउर आफ्नै सामर्थ्यअनुसारको विकास मोडेल लाग गर्ने गन्तव्यतिर जानुपर्ने आवश्यकता देखिएको छ।

## सन्दर्भसूची

Government of Nepal (2024). Nepal Living Standard survey ; Nepal Statistics Office, Office of the Prime Minister and Council of Ministers, Thapathali, Kathmandu

Koirala,B.P (1979). Democracy Indispensible for Development, Tarun Publication

Meyer,T(1994). Social Democracy an Introduction Friedrich-Ebert-Stiftung, New Delh
www.clikmandu.com
www.gorkkhapatra.com

www.himalkhavar.com

चटर्जी भोला (२०५१). बी.पी. कोइराला एक क्रान्तिकारी व्यक्तित्व . साझा प्रकाशन काठमाडौँ

ज्ञवाली राम प्रसाद (२०७०). प्रजातान्त्रिक समाजवाद र यसको सान्दर्भिकता. बी.पी. चिन्तन प्रतिष्ठान, काठमाडौँ

देव रामनारायण (२०७२). बी.पी. को अदालती वयान . नागरिक २४ भाद्र २०७२

नेपाल सरकार (२०७७) नेपालको संविधान . नेपाल सरकार कानुन न्याय तथा संसदीय मामिला मन्त्रालय, कानुन किताब व्यवस्था समिति, काठमाडौँ

नेपाल सरकार राष्ट्रिय योजना आयोग (२०१७). दिगो विकासका लक्ष्यहरू ; वर्तमान अवस्था र भावी मार्ग चित्र २०१६-२०३० . राष्ट्रिय योजना आयोग

नेपाल सरकार, (२०५८). आर्थिक सर्वेक्षण . नेपाल सरकार अर्थ मन्त्रालय . काठमाडौँ

नेपाल सरकार, (२०८२). आर्थिक सर्वेक्षण . नेपाल सरकार अर्थ मन्त्रालय, काठमाडौँ

नेपाली काङ्ग्रेस (२०४७). प्रजातन्त्र र समाजवाद . नेपाली काङ्ग्रेस प्रचार विभाग

महालेखा परीक्षक (२०८२). महालेखा परीक्षकको ६२ औ प्रतिवेदन . महालेखा परीक्षकको कार्यालय, काठमाडौँ नेपाल

मजगैया, वलदेव (२०४७). वी.पी .कोइराला विचार विन्दु (सम्पादन). मेलमिलाप प्रकाशन

विश्व बैंक (२०२२). GDP, विश्व बैंक

बीपीको समाजवाद र स्थानीय सरकार (२०८२). बी.पी. कोइराला सोसलिस्ट इन्टरनेसनल नेपाल